काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, बागमती प्रदेश, नेपाल
राजस्व विभाग

पत्र संख्या : ०८०/०८१
चलानी नं.: ०१

श्री सबै वडा कार्यालय /हनुमानढोका दरवार /वालाजुबाइसधारा/शंखधर उद्यान,
काठमाडौं महानगरपालिका

मितिः२०८०/०४/०२

विषयः परिपत्र सम्वन्धमा

प्रस्तुत विषयमा आर्थिक वर्ष २०८०/८१ को लागि जारी गरिएको आर्थिक ऐन, २०८० मा भएको निम्न बमोजिमका व्यवस्थाहरु भएको हुँदा सोही बमोजिम गर्नुहुन अनुरोध छ ।

सम्पत्ति कर

१ एकै व्यक्ति वा संस्थाको भवन वा घर एकभन्दा बढी भएमा हरेक वर्ष त्यस्तो सम्पत्तिको तत्कालको अवस्था (साविक भन्दा घटे/बढे) को यकिन गरेपछि मात्र कर असुल गर्ने ।

२ नेपाल राष्ट्र बैंकले तोके बमोजिमको गैर बैंकिङ्ग सम्पत्ति प्रमाणित हुने कागजात पेश गरेमा उक्त सम्पत्तिको सम्पत्ति कर निर्धारण गर्दा सम्पत्ति करको दर (अनुसूची-१) को उच्च दरमा छुट्टै निर्धारण गर्ने ।

३ करदाताको सम्पत्ति थप भएमा वा निर्माण सम्पन्न प्रमाणपत्र जारी हुँदा जग्गा वा भवनको क्षेत्रफल थप हुन गएमा थप क्षेत्रफलमा को कर निर्धारण गर्दा उक्त रकममा मात्र जरिवाना लिने ।

४ थप भएको क्षेत्रफलको नक्सा स्वीकृत नभएको (अभिलेखिकरणका हकमा) भए भवन निर्माण इजाजत जारी भएको २ वर्ष पछि देखि सो भवनको वडा कार्यालयको इन्जिनियरले दिएको प्रतिवेदनको आधारमा भवन निर्माण ईजाजत जारी भएको दुई वर्ष पछिबाट हिसाब गरी कर निर्धारण गर्ने ।

५ एक भन्दा बढी बाटोले छोएको भए सवैभन्दा ठुलो बाटोलाई आधार लिई जग्गाको मुल्य कायम गरी कर निर्धारण गर्ने ।

६ होटल, रिसोर्ट वा चलचित्र घरको नाममा घर जग्गा भई वा लिजमा लिई होटल, रिसोर्ट वा चलचित्र घर निर्माण गरी सञ्चालन भएको करदाताको हकमा बक्यौता सहितको सम्पत्ति कर २०८० पौष मसान्त भित्र चुक्ता गरेमा चालु आ.व को कर रकममा १० प्रतिशत र थप ३० प्रतिशत छुट हुने ।

७ एक भन्दा बढी व्यक्तिको स्वामित्व भएको एक भन्दा बढि कित्ता ओगटिने गरी भवन निर्माण ईजाजत लिई निर्माण भएको भवनको सम्पत्ति कर निर्धारण गर्दा प्रत्येक कित्तामा बाटोले छोएको भएमा छुट्टा छुट्टै कर निर्धारण गर्न सकिने ।

व्यवसाय कर

१ एउटै कम्पनीको नाममा फरक फरक स्थानमा पसल कवल स्टल आउटलेट भए मुल व्यवसाय कर रकमको ५० प्रतिशतका दरले प्रति पसल कवल स्टल आउटलेटको व्यवसाय कर निर्धारण गर्ने ।

वागदरवार, काठमाडौं नेपाल, फोन नं. :४२३१४८१,४२६७३९० फ्याक्स ९७७-१-४२६८५०९
ईमेल : revenue.div@kathmandu.gov.np, वेभसाइट Http//www.kathmandu.gov.np

# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

काठमाडौं, बागमती प्रदेश, नेपाल

राजस्व विभाग


पत्र संख्या :

चलानी नं.:

बहाल कर

१ बहाल करको दर १० प्रतिशतका दरले निर्धारण गर्ने ।

<u>कर छुट सम्वन्धी</u>

<u>सम्पत्ति कर</u>

१ सम्पत्ति कर, बहाल कर र व्यवसाय कर चालु आ.व २०८०/८१ को पौष मसान्त भित्र दाखिला गरेमा १० प्रतिशत छुट हुने ।

<u>व्यवसाय कर</u>

१ एक वडा एक नमुना उद्यम कार्यक्रम अन्तर्गत सञ्चालित उद्योग वा व्यवसायहरुको दर्ता भएको तीन वर्ष सम्म निजले तिर्नु/बुझाउनुपर्ने व्यवससाय करमा ९५ प्रतिशत छुट हुने ।

२ ५ लाख सम्म पुजीगत लगानी भएका करका दायरामा नआएका महिला, जनजाति, दलित, अपाङ्गता भएका र ३५ वर्ष भन्दा कम उमेरका युवाका नाममा दर्ता भई सञ्चालन भएको उद्योग, व्वसाय , कम्पनी, संस्थाहरुले २०८० पौष मसान्त भित्र कर दाखिला गरेमा ४० प्रतिशत व्यवसाय कर छुट हुने ।

३ नियमित करदाताले पुष मसान्त भित्र कर दाखिला गरेमा २५ प्रतिशत व्यवसाय कर छुट गर्ने ।

४ महानगरपालिकामा स्थायी बसोबास भएका व्यक्ति (नागरिकता वा मतदाता परिचय पत्र वा बसाइसराइ गरी आएका) ले पौष मसान्त भित्र कर दाखिला गरेमा लाग्ने करमा ५० प्रतिशत छुट दिने ।

<u>वहाल कर</u>

१ बार्षिक एक लाख बिस हजार भन्दा कम बहाल आम्दानी भएका र अन्य कुनै आम्दानीको श्रोत नभएको वडा समितिले प्रमाणित गरेमा सेवा शुल्क रु २०० लिइ बहाल करमा शत प्रतिशत छुट दिने ।

<u>जरिवाना / किस्ता सम्वन्धी</u>

१ कुनै व्यक्ति वा संस्थाको विगतमा तिर्नुपर्ने सम्पत्ति, बहाल, व्यवसाय र विज्ञापन करको बक्यौता रकम बाँकि भएमा आर्थिक वर्ष २०८०/८१ को पौष मसान्त सम्म कर लाग्ने अवधिको कर बुझाएमा सो वापत लाग्ने जरिवाना छुट गर्ने ।

२ चालु आर्थिक वर्ष २०८०/८१ को सम्पत्ति कर, बहाल कर, व्यवसाय कर बुझाउने करदाताले अधिकतम ६ किस्तामा दामासाही रुपमा कर बुझउन सक्ने ।

३ बक्यौता हकमा २०८० पौष मसान्त भित्र किस्तामा बुझाए मात्र जरिवाना छुट हुने व्यवस्था गर्ने ।


वागदरवार, काठमाडौं नेपाल, फोन नं. :४२३१४८१,४२६७३९० फ्याक्स ९७७-१-४२६८५०९

ईमेल : revenue.div@kathmandu.gov.np, वेभसाइट Http//www.kathmandu.gov.np

# काठमाडौं महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

काठमाडौं, बागमती प्रदेश, नेपाल

राजस्व विभाग

पत्र संख्या :

चलानी नं.:

बालाजु बाईसधारा पार्क, संख पार्क र सांख्वाधर पार्क सम्बन्धी

| क्र. सं. | विवरण | दररेट (रु.) प्रति दिन | कैफियत |
|---|---|---|---|
| १ | प्रवेश शुल्क (बालाजु) | ३० | अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकलाई आवश्यक प्रमाणका आधारमा शत प्रतिशत छुट दिइनेछ । परापूर्वकालदेखि चलि आएको देवाली, गुठी, जात्रापर्व, पूजाआजामा प्रवेश शुल्कमा शत प्रतिशत छुट हुनेछ । |
| २ | प्रवेश शुल्क (रत्नपार्क) | ३० | |
| ३ | पर्यटक प्रवेश शुल्क | १०० | |
| ४ | प्रवेश शुल्क (विद्यार्थी छुट) | २० | |
| ५ | मोटरसाइकल पार्किङ्ग शुल्क | ३० | |
| ६ | मोटर पार्किङ्ग शुल्क | ६० | |
| ७ | स्विमिङ्गपुल शुल्क (पूरा) | २०० | |
| ८ | स्विमिङ्गपुल शुल्क (विद्यार्थी छुट) | १५० | |
| ९ | स्विमिङ्गपुल लकर शुल्क | ५० | |
| १० | स्विमिङ्ग पुल विद्यार्थी छुट (समूहमा २० जना भन्दा बढी) | १३० | |
| ११ | स्विमिङ्गपुल शुल्क (मासिक सदस्य) | ४,००० | |
| १२ | स्विमिङ्गपुल शुल्क (सिजनल सदस्य) | १२,००० | |
| १३ | ५ जना भन्दा बढी ड्राईफुड जमघट | ३०० | |
| १४ | १ नम्बर टहरा पिकनिक मात्र | ५,००० | |
| १५ | २ नम्बर टहरा पिकनिक मात्र | २,५०० | |
| १६ | चमेना घर पिकनिक मात्र | २,००० | |
| १७ | झिलिमिलि घर पिकनिक मात्र | १,५०० | |
| १८ | पालेघर पिकनिक मात्र | १,५०० | |
| १९ | रातो घर पिकनिक मात्र | १,५०० | |
| २० | नयाँ टहरा पिकनिक मात्र (गुम्बा पछाडी) | २,००० | |

बागदरबार, काठमाडौं नेपाल, फोन नं. :४२३१४८१,४२६७३९० फ्याक्स ९७७-१-४२६८५०९
ईमेल : revenue.div@kathmandu.gov.np, वेभसाइट Http//www.kathmandu.gov.np

# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

काठमाडौं, बागमती प्रदेश, नेपाल


पत्र संख्या :

चलानी नं.:

हनुमानढोका दरवार संरक्षण कार्यक्रम सम्वन्धी

| क. सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| | विदेशीका हकमा | | |
| १ | चलचित्र छायांकन प्रतिदिन | ५५,००० | संशोधन गर्नुपर्ने |
| २ | छोटो चलचित्र (short movie), म्युजिक भिडियो तथा डकुमेन्ट्री भिडियो प्रतिदिन | २५००० | |
| ३ | विज्ञापन भिडियो छायाँकन प्रतिदिन | ६०,००० | |
| | स्वदेशीको हकमा | | नेपाल भाषामा बन्ने चलचित्र,छोटो चलचित्र, म्युजिक भिडियो, डकूमेन्ट्रीलाई लाग्ने करको १० प्रतिशत छुट हुनेछ । |
| ४ | ठुला पर्दाका चलचित्र (प्रतिदिन) | २०,००० | |
| ५ | छोटो चलचित्र(short movie) ,म्युजिक भिडियो तथाडकूमेन्ट्री (प्रतिदिन) | १०,००० | |
| ६ | पर्यटक प्रवेश शुल्क | १,००० | रु.१००० मध्ये दरवार संरक्षण विकास समितिलाई रु.२५० |
| | सार्क र बिम्स्टेक राष्ट्रका पर्यटकका हकमा | ५०० | रु.५०० मध्ये दरवार संरक्षण विकास समितिलाई रु.५० |
| ७ | साँस्कृतिक पोशाक भाडा (प्रतिघण्टा) | २०० प्रतिजोर | जस्तो, नेवारी, थारु, तामाङ्ग, शेर्पा, लबेदा दौरा सुरुवाल, गुन्यु चोली Changing Room) को व्यवस्था सम्वन्धित कार्यालय आफैले गर्नुपर्नेछ । |


वागदरवार, काठमाडौं नेपाल, फोन नं. :४२३१४८१,४२६७३९० फ्याक्स ९७७-१-४२६८५०९

ईमेल : revenue.div@kathmandu.gov.np, वेभसाइट Http//www.kathmandu.gov.np

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, बागमती प्रदेश, नेपाल
राजस्व विभाग

पत्र संख्या :
चलानी नं.:

| | | | |
|---|---|---|---|
| २१ | विदेशी चलचित्र सुटिङ्ग (प्रतिदिन) | २०,००० | |
| २२ | नेपाली ठूलो पर्दाको चलचित्र सुटिङ्ग (प्रतिदिन) | १०,००० | |
| २३ | नेपाली टेलिचलचित्र सुटिङ्ग (प्रतिदिन) | ५,००० | |
| २४ | डकुमेन्ट्री सुटिङ्ग (प्रतिदिन) | ५,००० | |
| २५ | दोहोरी गीत/म्युजिक भिडियो सुटिङ्ग (प्रतिदिन) | ५,००० | |
| २६ | जरिवाना शुल्क (न्यूनतम) | १,००० | |
| २७ | व्यक्तिगत मुभी क्यामरा/ क्यामरा शुल्क<br>विवाह (फोटोसुट मात्र) | १००<br>५०० | |
| २८ | Droneक्यामरा<br>(सम्वन्धित कार्यालयको स्वीकृती आवश्यक पर्ने) | १००० | |
| २९ | व्यवसायिक फोटो सुट (प्रति दिन) | १५०० | स्वयम्भु सम्पदा क्षेत्रसमेत |
| ३० | साँस्कृतिक पोशाक भाडा(प्रतिघण्टा) | १०० | परम्परागत पोशाक ( जस्तै नेवारी, थारु, तामाङ्ग, शेर्पा, लबेदा दौरा सुरुवाल, गुन्यु चोलि(Changing Room) को व्यवस्था सम्वन्धित कार्यालय आफैले गर्नुपर्नेछ । |

(ध्रुव कुमार काफ्ले)
विभागीय प्रमुख

वागदरवार, काठमाडौं नेपाल, फोन नं. :४२३१४८१,४२६७३९० फ्याक्स ९७७-१-४२६८५०९
ईमेल : revenue.div@kathmandu.gov.np, वेभसाइट Http//www.kathmandu.gov.np